निर्णयहरूः-

१. श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंको च.नं. २६८, मिति २०७८-०६-२२ को पत्रबाट सरकारी भवनहरूको विवरण मागभई आएको सन्दर्भमा जिल्लास्थित सबै कार्यालयहरूले देहायको ढाँचामा विवरण तयार गरी ७ (सात) दिनभित्र जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई उपलब्ध गराउने ।

| क.सं. | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कार्यालयको नाम | भवन संख्या | भवनको प्रकृति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पक्की | कच्ची | पक्की गाह्रो र टिनको छानो |
| | | | | | | | | |
| | | | | कूल जम्मा | | | | |

२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सो को नियमावलीको नियम (३) बमोजिम मिति २०७८ श्रावण १ गतेदेखि असोज मसान्तसम्म आ-आफ्नो कार्यालयबाट सम्पादित मुख्य-मुख्य कार्यहरूको प्रगति विवरण २०७८ कार्तिक १५ गतेभित्र आ-आफ्नो कार्यालयको वेबसाइटमा सार्वजनिक गर्ने र सो को जानकारी जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई गराउने ।

३. तिहार बिदाको अवधिभर सबै कार्यालयहरूले भरपर्दो पालो पहराको व्यवस्था मिलाउने र पालो पहराको जानकारी नगराउने कार्यालयहरूले जिल्ला प्रशासन कार्यालय, मकवानपुर र जिल्ला प्रहरी कार्यालय, मकवानपुरलाई जानकारी गराउने ।

४. कार्यालय प्रमुख एवं अन्य कर्मचारीहरूलाई केही व्यक्ति तथा समूहबाट विभिन्न कारण वा विभिन्न बहानामा दुर्व्यवहार तथा भौतिक आक्रमण गर्ने गरिएको घटना केही जिल्लामा घटेको हुँदा सबै कार्यालय प्रमुख एवं कर्मचारीहरू आ-आफ्नो पदिय दायित्व एवं जिम्मेवारी प्रति सदैब सजग रहने र कुनै व्यक्ति तथा समूहबाट कार्यालय एवं कर्मचारीहरू उपर सुरक्षा खतरा/धम्की भए सो को जानकारी तुरून्त जिल्ला प्रशासन कार्यालय वा नजिकको प्रहरी इकाईमा जानकारी गराउने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी